स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'जारी २' पूर्वनिर्धारित मितिबाट एक महिना पछाडि सरेको छ । पोस्टर सार्वजनिक गर्दै आगामी कातिक ६ गते (भाइटीका)लाई फिल्मको नयाँ प्रदर्शन मिति घोषणा गरेको हो । 'जारी २'को रिलिज सर्नुको मुख्य कारण हालैको जेनजी आन्दोलन हो, जसमा ७० भन्दा बढीले ज्यान गुमाएका छन् । कवि उपेन्द्र सुब्बाको लेखन तथा निर्देशनमा बनेको यो फिल्ममा दयाहाङ राई, मिरुना मगर, ऋचा शर्मा, विजय बराल, बुद्धि तामाङ, पुष्कर गुरुङ, प्रेम सुब्बा, माओत्से गुरुङ, कमलमणि नेपाल लगायतको अभिनय रहेको छ ।

**आजको विचार...**



इतिहासका... (दुई पेजमा)

कृष्ण बोहरा



फिल्म 'परान' अहिले पोस्ट-प्रोडक्सनमा छ । फिल्म कलाकार दीपकप्रसाद आचार्य 'काकु' ले निर्देशन गरेका हुन् । नीर शाह, मदनकृष्ण श्रेष्ठ, केकी अधिकारी, प्रवीण खतिवडा, बुद्धि तामाङ, अञ्जना बराइली, महेश त्रिपाठीलगायतका कलाकारको फिल्ममा अभिनय छ । फिल्मले छायाङ्कन समयमा आफ्नो प्रदर्शन मिति कातिक १४ गते घोषणा गरेको थियो । तर अहिले मौन छ । फिल्म कातिक १४ गते रिलिज हुने नहुने अहिले त्यसै भन्न सकिन्न । निर्देशक आचार्यले भने कातिक १४ मै फिल्म रिलिज हुने बताए ।

❒ वर्ष ३१ ❒ अंक ६३ ❒ २०८२ असोज २ गते बिहीबार 18 September 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# तिनाउ नदी किनारका बस्तीमा सधैं त्रास

## उच्च सतर्कता अपनाउन आग्रह

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज १/ बुटवल पवित्रनगरका मनोज थापा वर्षा शुरु भएदेखि राति सुत्न सक्दैनन् । आकाश गडङ्गुडुङ्ग गर्न साथ उनको मुटु काँप्छ । तिनाउ नदी किनारमै सुकुम्बासी बस्तीमा उनको घर छ । "अहिले देशभरि घटना भइरहँदा दिनरात आँखा आकाशतिरै छन्," थापाले भने ।

नौं वर्ष अगाडि साउन महिनामा तिनाउ नदीमा आएको बाढीले घर बगाएपछि पाल्पातर्फ रहेको बस्तीकी मीना विकलाई पनि बर्खामा निकै डर लाग्छ । "आँखै अगाडि पुलसँगै घर बगायो, हामीले भागेर ज्यान जोगायौं तर, सामान जोगाउन सकिएन," ७३ सालको बाढी सम्झँदै विक भन्छिन् - "यसपालि यस्तो नहोस् ।" नौ जनाको उनको परिवारको तिनाउ नदीकै बगरमा दुई कोठे घर छ । थापा र विक मात्रै हैन नदी आसपासका



बासिन्दाहरुको हरेक वर्षको चिन्ता एउटै हुन्छ, त्यो हो बाढी । हरेक वर्ष पानी पर्न साथ उनीहरुले त्रासमा दिन बिताउनु परेको छ । नदीको बहावलाई नै रोक्ने गरी बगरमै वर्षौंदेखि घर बनाएर बसेकाहरुलाई बर्खाभरि बाढीले पिरोलिरहन्छ । बुटवलको तिनाउ नदीको बगर बस्तीले भरिएको छ । नदी किनारमा स-साना झुप्रादेखि ठूलठल्ला पक्की घरहरु बनेका छन् । सुकुम्बासी बस्तीमै पक्की सडक र खानेपानीको व्यवस्था छ । बुटवल उप-महानगरपालिकाले अहिले नदी तटमा खासगरी जोखिमयुक्त क्षेत्रमा घर तथा कुनै पनि भौतिक संरचना निर्माणमा रोक लगाएको त छ तर, निर्माणको काम रोकिएको छैन । जसका कारण वर्खा लाग्न साथ हरेक वर्ष जोखिम हुने गरेको छ । यस वर्ष पनि केही दिनको निरन्तर वर्षाका कारण तिनाउ नदीमा आएको बाढीले पानीको सतह खतराको तह पार गरेको छ । मंगलबाररातिदेखि बुधबार विहानसम्म पाल्पा, रुपन्देही लगायत आसपासका जिल्लामा भीषण वर्षा भएको थियो । यसले तिनाउ नदीमा पानीको सतह बढेको जल तथा मौसमविज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

तिनाउ नदीमा बाढी बढिरहेकाले नदी किनार र आसपासका बासिन्दालाई सतर्क रहन विभागले आग्रह समेत गरेको छ । विभागले बुधबार बिहान एक सूचना जारी गरी असोज १ गते बिहान ७:५० बजे तिनाउ नदीमा बाढी बढिरहेकाले नदी किनार र आसपासका डुवान भइरहने ठाउँका बासिन्दालाई शतर्क रहन आग्रह गरेको हो । तिनाउ नदीमा बाढी बढिरहेको भन्दै विभागले मोबाइलमा एसएमएस पठाएर पनि नदी किनार र आसपासका डुबान भइरहने ठाउँका बासिन्दालाई शतर्क रहन आग्रह गरेको छ । पाल्पा र सिद्धबाबा क्षेत्रमा लगातार ठूलो पानी परेपछि नदीमा एक्कासी पानीको बहाव बढ्ने गरेको र यसले बुटवल, पाल्पा आसपासका नदी किनारका बस्तीलाई जोखिममा पारेको तिनाउका विपिन आचार्यले बताए । रुपन्देहीस्थित बाढी मापन केन्द्रका अनुसार तिनाउ खोलामा बिहान पानीको सतह सात दशमलव ९ मिटर पुगेको छ । महाशाखाका अनुसार जल सतह ६ मिटरलाई सतर्कता तह मानिन्छ । ६ दशमलव १ मिटरलाई खतराको तह मानिन्छ । तिनाउ खोलाको जल सतह ७ दशमलव ९ मिटर पुगेपछि तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको हो ।

## संक्षिप्त समाचार

### १४६ भूमि तथा वातावरण रक्षकको मृत्यु

रासस/एएफपी

**बोगोटा,** असोज १/सन् २०२४ मा विश्वभर १४६ जना भूमि र वातावरण संरक्षणमा लाग्ने व्यक्तिहरूको हत्या भएको छ । मानव अधिकार संरक्षण संस्था 'ग्लोबल विटनेस' ले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार, तीमध्ये करिब एक तिहाइ घटना कोलम्बियामा भएका छन् । यो सङ्ख्या सन् २०२३ को १९६ भन्दा कम भए पनि, यसले रक्षकहरूको अवस्था सुधारिएको भन्ने सङ्केत नदिने गरी धेरै देशमा यस्ता घटनाहरू पूर्ण रूपमा रिपोर्ट नहुने समस्या रहेको संस्थाले जनाएको छ । प्रतिवेदनमा ल्याटिन अमेरिका क्षेत्रमा सबैभन्दा बढी यस्ता घटना भएका उल्लेख भएको र कोलम्बिया वातावरणीय रक्षकहरूको लागि विश्वकै सबैभन्दा संवेदनशील क्षेत्र बनेको छ । यी रक्षकहरूमा साना किसान, आदिवासी समुदायका सदस्य, पत्रकार, कानुन व्यवसायी, वन रक्षक लगायत भूमिको संरक्षणमा काम गर्ने विभिन्न व्यक्ति पर्छन् । कोलम्बियामा सन् २०२४ मा ४८ जना रक्षकको मृत्यु भएको थियो, जुन अघिल्लो वर्षको ७९ भन्दा कम हो ।

## संविधानको एक दशक

- संविधान देशको मुल कानून हो,
- संविधानप्रदत्त हक र अधिकारको रक्षा गर्नु सबैको कर्तब्य हो,
- संविधान अनुरुप बनाइएका कानूनको उद्देश्य नागरिक अधिकारको रक्षा गर्नु हो,
- संविधानसँग बाझिने कानूनहरू बाझिएको हदसम्म अमान्य हुन्छन्
- नेपालको संविधान जारी भएको एक दशक पुरा भएको अवसरमा संविधान दिवश भव्य रुपमा मनाऔं ।

संविधानको पालना गर्नु सबैको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दसैँ टीकाको साइत असोज १६ गते ११:५३ बजे

**पाल्पा,** असोज १/यस वर्षको विजया दशमीको उत्तम साइत असोज १६ गते विहान ११ बजेर ५३ मिनेटमा रहेको छ । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको विजयादशमीको साइत सार्वजनिक गर्दै असोज १६ गते बिहीबार बिहान ११:५३ बजे बडादसैँको टीकाको उत्तम साइत रहेको जनाएको छ । नवरात्र भनेर समेत चिनिने दशैं नौ रात र दश दिनको हुन्छ । कुनै वर्ष तिथि घटेर आठ रात र नौ दिनको मात्र हुने गर्छ ।

यस दिन विधिपूर्वक घर घरमा आह्वान गरी पूजा आराधना गरिने दुर्गा देवीलाई असोज १६ गते विजयादशमीका दिन विसर्जन गरी मान्यजनबाट प्रसादका रूपमा टीका, जमरा र फूल प्रसाद ग्रहण गर्ने गरिन्छ । यस वर्षको बडादसैँ असोज ६ गतेदेखि सुरु हुँदैछ । असोज ६ गते बिहान ९:१३ बजे घटस्थापनाको शुभ साइत रहेको छ । असोज १३ गते सोमबार फूलपाती, असोज १४ गते मंगलबार महाअष्टमी र कालरात्रि परेको समितिले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । असोज १५ गते बुधबार



महानवमी र असोज १६ गते बिहीबार विजयादशमी परेको छ । असोज २० गते सोमबार सबै बलि दिइसक्नुपर्ने (अखिलबलिपूर्ति) र त्यसै दिन कोजाग्रत पूर्णिमा परेको समितिले जनाएको छ । विजया दशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म आफ्ना मान्यजनबाट देवीको प्रसाद र आशीर्वाद ग्रहण गरिन्छ । पूर्णिमाका दिन धनधान्यकी प्रतीक महालक्ष्मीको व्रत बसी रात्रिमा जाग्राम रहेर पूजा लगाई धन ऐश्वर्य प्राप्तिको कामना गर्ने गरिन्छ । यस दिन जाग्राम बस्ने मानिसलाई लक्ष्मीले धन धान्य दिई सम्पन्न बनाइदिने धार्मिक विश्वास छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

### विश्वकर्मा पूजाको आध्यात्मिक महत्व

फलामजन्य औजारहरुको पूजाआज गरी बुधबार विश्वकर्मा पूजा गरिएको छ । आश्विन महिनाको कृष्णपक्षको संक्रान्ति तिथिमा पर्ने यो पर्व हरेक वर्ष असोज १ गते विश्वकर्मा बाबाको पूजा गरी मनाउने गरिन्छ । हरेक चाड–पर्वको आ–आफ्नै महत्व र विशेषता भए जस्तै यसको पनि आफ्नै सांस्कृतिक, सामाजिक र आध्यात्मिक महत्व रहेको छ ।

यस दिन विभिन्न कलकारखाना, पार्टपूर्जा, यन्त्रको पूजाआजा गरिन्छ । यो दिन भगवान विश्वकर्माको जन्म भएको थियो, यसैले यस दिनलाई विश्वकर्मा जयन्ती पनि भनिन्छ । नेपाल लगायत भारतमा विश्वकर्मा पूजा उल्लासपूर्ण तरिकाले मनाउने गरिन्छ । विश्वकर्मा पूजाको दिन उद्योग, कलकारखाना र हरेक किसिमका मेसिनहरुको पूजाआजा गरेमा राम्रो हुने विश्वास छ । यो पूजा सबै कलाकार, शिल्पकार र औद्योगिक घराना, व्यापारी र मजदुरहरुले गर्छन् । यो दिन प्रायः कलकारखाना बन्द रहन्छ र मानिसहरुले हर्षोल्लासको साथमा भगवान विश्वकर्माको पूजा गर्छन् । विश्वकर्मालाई विश्वकै सबैभन्दा पहिलो इन्जिनियर र वास्तुकार पनि मानिन्छ । तर तीनै धातुजन्य वस्तुका काम गर्ने विश्वकर्मा र शिल्पी समुदायको सम्मान अहिलेसम्म हुन सकेको छैन । उनीहरुले नै बनाएको सामान र वस्तुलाई पूजा गर्ने तर त्यही बनाउने व्यक्तिहरुलाई विभेद गरिंदा नेपालको यो संस्कार र संस्कृति विरोधाभाषपूर्ण देखिन्छ । यसले सामाजिक विकासमा ठूलो समस्या सिर्जना गरेको छ । कामको आधारमा गरिएको विभाजन पछि जातीय र विभेदको आधार बनेको सबैले स्वीकार गरेको विषय हो । छुवाछुत हटाउनुपर्छ भन्ने चर्को नारा लाग्न थालेको धेरै वर्ष पनि बितिसक्यो । त्यति मात्र होइन, नेपालमा कानुनी रुपमा रुपमा जातीय छुवाछुतको अन्त्य भएको पनि धेरै भैसकेको छ । तर त्यो अहिलेसम्म व्यावहारिक रुपमा कार्यान्वयन हुन सकेको छैन । हिन्दु धर्मग्रन्थहरुमा विश्वकर्मालाई भगवान मानेको छ । विश्वकर्माको स्थान ती ग्रन्थहरुमा उच्च कोटिको छ । तर त्यही हिन्दु धर्मको बाहुल्यता रहेको नेपाली समाजमा जीवित विश्वकर्माहरुमाथि विभेद हुने गरेको छ । यो अत्यन्तै दुःखको कुरा हो । भगवानहरुको शिल्पकारको रुपमा मान्यता पाएका विश्वकर्माको पुजाआजा गरियो भने औजार, मेशिन र सवारी साधनहरुमो बढोत्तरी हुने जनविश्वास समेत छ । त्यसैले यस दिन सबैले आ–आफ्ना हतियार, औजार, साधनहरू वर्षभरि प्रभावकारी रूपबाट प्रयोग भएकोमा धन्यवाद र आगामी दिनमा अझ प्रभावकारी रूपबाट प्रयोग गर्न सकूँन् भन्ने मनोकामनासहित विभिन्न किसिमबाट कल कारखाना, सवारी साधन, विमान, विद्युतीय उपकरणहरू समेत पूजा गर्ने प्रचलन छ । यो प्रचलन आफैमा महत्वपूर्ण रहेको छ ।

### Opinion @ Social Network

सबैसँग सबै गुण हुँदैन,
तिमीसँग सुन्दरता होला
म संग ईमानदारिता छ

*(निरुता रावत क्षेत्रीको फेसबुक स्टाटसबाट www.facebook.com/niruta rawat chetri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# इतिहासका घटनाबाट पनि सिक्ने गरौं



कृष्ण बोहरा

> *हाम्रा नेताहरु कर्म एउटा र सिद्धान्तको डिङ अर्को हाक्ने खालको हुनुहुन्छ । सिद्धान्त र ब्यबहार एउटै हुँदा पनि नेताहरु इतिहासमा माओकालीन नौलो जनवाद जो पढ्नु भएको थियो त्यही रटान लगाएर बसेको देखिन्छ । त्यो कुरा संसारको कुनै कुनामा पनि लागू नहुने भैसकेको छ । मदन भण्डारीको बहुदलीय जनवादले कुनैबेला नेपाली जनमानसमा निकै रांनकता ल्याएको थियो । जसुकैले जेसुकै भनेतापनि त्यो परम्परागत कम्यूनिष्ट शैलीका बिरुद्ध केही नयाँपन थियो । त्यसभित्रको अन्तरबस्तु र गुदी जो थियो त्यसलाई लागू गर्ने प्रयास नै भएन ।*

मानव समाजले आजसम्म जेजति प्रगति गरेको छ, त्यसका कारणहरु छन्। ती कारणहरु खोतल्दै जाने हो भने मानवले आफैंले गरेको गल्ती कमी कमजोरीलाई सच्याउँदै अगाडि बढेको देखिन्छ । मानवले पुरानो आफ्नो कर्मको समीक्षा नगर्ने हो भने कुनै पनि प्रगति गर्न सक्दैन । संसार आजको स्थानमा आउन सक्ने पनि थिएन । हिँड्दै ठेस लाग्दै लड्दै उठ्दै गर्नु एउटा प्रकृया हो । सानो बालकले पनि आगोमा हात राखेर पोलेपछि पुनः त्यही आगोमा हात राख्दैन । यसैले पुरानो इतिहासको समीक्षा गर्नुपर्छ । अनि मात्र नयाँ इतिहासको श्रृजना गर्न सकिन्छ । तर संसदीय ब्यवस्था भित्रका हाम्रा नेताहरु नत इतिहासको समीक्षा गर्दछन्, नत भविष्यमा निष्कने परिणाम बारे कुनै दृष्टि दिने गर्दछन् । मात्र रिसको झोंकमा र रिसैको जगमा पार्टी फोड्ने र नयाँ पार्टीको पुनर्गठन गर्ने गरेको देखिँदै आएको हो । पार्टी फोडेर नयाँ पार्टी गठन गर्नेको जो कोहीको अवस्था नयाँ पार्टीमा ज्यादा राम्रो र अव केही हुन्छ भन्ने अवस्था देखिएन । जस्तो एकीकृत मार्क्सवादी भन्नुस्, इतिहासमा २०५४ सालमा बामदेवले खोलेको माले पार्टी भन्नुस् त्यो पनि अगाडि जान सकेन ।

यस्तै माओवादी पार्टीमा पनि नेता रामबहादुर थापा (बादल) पम्फा भुसालहरुले नेता मोहन वैद्यसँगै फुटेर गएतापनि फर्केर पुनः माओवादी पार्टीमा नै आउनुपर्‍यो। माले खोल्दै पार्टी फुटाएका नेता बामदेव पनि पुनः २०५८ सालमा एमाले नै फर्किनुभयो । दोस्रो पार्टी अब पनि कुनै पुराना नेताले खोल्छ भने त्यो अगाडि जान सक्दैन । कारण कुन हो भने संसारलाई हेर्ने बुझ्ने र अध्ययन गर्ने शैली नै हाम्रा पुराना नेताहरुको परम्परागत पाराको छ । कम्युनिष्ट पार्टी संचालन गर्न बैज्ञानिक बिधि पद्धतिको आवश्यक्ता पर्दछ । आजको अवस्थामा प्रविधिले फड्को मार्दै मार्क्सवादलाईसमेत परिमार्जन गर भनिरहेको छ । हाम्रा नेताहरु कर्म एउटा र सिद्धान्तको डिङ अर्को हाक्ने खालको हुनुहुन्छ । सिद्धान्त र ब्यबहार एउटै हुँदा पनि नेताहरु इतिहासमा माओकालीन नौलो जनवाद जो पढ्नु भएको थियो त्यही रटान लगाएर बसेको देखिन्छ । त्यो कुरा संसारको कुनै कुनामा पनि लागू नहुने भैसकेको छ । मदन भण्डारीको बहुदलीय जनवादले कुनैबेला नेपाली जनमानसमा निकै रांनकता ल्याएको थियो । जसुकैले जेसुकै भनेतापनि त्यो परम्परागत कम्यूनिष्ट शैलीका बिरुद्ध केही नयाँपन थियो । त्यसभित्रको अन्तरबस्तु र गुदी जो थियो त्यसलाई लागू गर्ने प्रयास नै भएन । अब त परिस्थिति त्यो भन्दा अगाडि बढिसक्यो । बेलुका जान्ने बुझ्ने भएर सुतेको मान्छे बिहान उठ्दा नजान्ने भएर उठेको हुनसक्छ । भन्नुको मतलब यो हो कि निरन्तर अपडेट भैरहनु आजको आबश्यकता हो। हाम्रा पुराना नेताहरुले भाद्र २३ को जस्तो आन्दोलन पनि देशमा हुन सक्छ ? कलिला बालकले पनि दुई दिनको निशस्त्र आन्दोको माध्यमबाट सत्तासिनहरुलाई परास्त गर्न सक्छन् भन्ने सोचेका पनि थिएनन् । मात्र यिनीहरुले सोचेका थिए आफ्ना मनपरितन्त्र र लुटको स्वर्ग युगयुगसम्म चल्नेछ । कुनैबेला गिरिजाप्रसाद कोइरालाले दोलखाको चरिकोटमा गएर भन्नुभएछ , “माले, मसाले र मण्डले एउटै हुन् । सायद उहाँले सबै आफैंजस्तो हुनुपर्छ भन्ने आह्वान गर्नुभएको भन्ने हाम्रा कम्यूष्टि नेताहरुले बुझ्नु भएछ कि के हो? त्यसबेलादेखि कम्युनिष्ट बिग्रेर कांग्रेस जस्तै हुँदै गयो ।

त्यो पनि गिरिजा शैलीको कांग्रेस, गणेशमान र कृष्णप्रसाद भट्टराई शैलीको भएपनि तै बिसेक राम्रै हुन्थ्यो । दलाल, बिचौलिया र तस्करसँग घाँटी नजोडी अगाडि जान सकिन्न भन्ने हाम्रा ठूला नेताहरुलाई लाग्यो । उहाँहरुले त्यही बाटो समात्नुभयो । हाम्रा पुराना नेताहरुले के किसानको लागि काम गर्नु भएको छ? मजदुरको लागि गर्नुभएको छ? युवाहरुको रोजगारीको लागि केही गर्नुभएको छ ? के बिदेसमा बिचल्लीमा परेको चेलीबेटीहरुको उद्धार गर्नुभएको छ? केही छैन अब गर्नुहोला भन्ने बिश्वास के छ ? यसैले उहाँहरुले नयाँ पार्टी गठन गर्ने बित्तिकै ओइरो लागेर नयाँ पार्टीमा जाने मानिसहरु हुँदैन । नेताहरुको जुंगाको लडाईमा सर्बसाधारणलाई के चासो हुन्छ र ?

मानिस कित सत्ताको पछि लाग्छन, कि नयाँ आशा भरोसा र बिश्वासले गर्दा पछि लाग्ने हुन्छन्। रवि लामिछानेको पार्टीले थोरै समयमा प्रगति गर्न सकेको कारण पुराना नेताहरुको बिरुद्धमा भ्रष्टाचार बिरोधी अभियान, ढिलासुस्ती हटाउने, राम्रा थिति बसाउने, सुशासन कायम गर्ने, घुसखोरी र सोर्सफोर्सको संस्कृति हटाउने जस्ता नाराहरु हुन् । पहिले सत्तामा नभएरपनि केही काम भने गरेर देखाएको मानिस भएकाले यिनलाई जनताले बिश्वास गरेका थिए । मिडिया संचालन गर्दापनि निमुखा गरिव दु:खी र बिदेसमा अलपत्र परेर बसेका पीडितहरुको पक्षमा केही काम गरेका पनि थिए । काठमाडौं नगरीमा बलात्कारको पीडामा परेकी महिलालाई समेत उद्धार गरेको उदाहरण छ । जेजति काम उनले गरे त्यसको प्रचार प्रसार पनि उधुमै भयो । तर यिनमा केही कमजोरी देखियो । छत्तिसौ बर्ष खर्चेको भ्रष्ट नेतृत्व देशमा स्थापित छ । त्यसैको सत्ता पनि स्थापित छ । रवि त्यसैको सरकारमा गइ गृहमन्त्री बनी उसैलाई कारवाही गर्न तम्सिए । यो यीनको केटौलेपन थियो । कारवाहीको लागि पटक पटक जमर्को गरियो । तर्सिएको भ्रष्ट नेतृत्वले ठगी केसमा उनैलाई जेल हालिदियो । यसमा अनौठो कुरा केही छैन । उनमा धैर्यता देखिएन । व्यक्तिगत कमीकमजोरी पनि देखियो । यति चाँडो सरकारमा जानु यिनको भुल थियो । भबिष्यमा त यिनले के गर्दथे भन्न सकिँदैन। तैपनि यिनमा उर्जा थियो । केही गरौं भन्ने भावना पनि देखियो । तर राजनीतिक बचपनता ज्यादा देखियो । जेन-जी युवाहरुको आन्दोलन सफल भए पश्चात हर्कसाङपाङ प्रधानमन्त्री बन्न काठमाडौं आएको देख्दा हतारमा सत्तामा जाने उत्सुकता यिनमा पनि रहेको देखिन्छ । हतारको काम जहिले पनि लत्तरपत्तर हुन्छ । यिनी नेतृत्वमा जादा पनि नराम्रो चाहिँ गर्दैनन् भन्ने सबैलाई थाहा छ । तर पुरानो सत्ताको पुराना पार्टपुर्जा निकै जब्वर र खिया लागेर बसेका छन । यिनीलाई यो नेतृत्व पाएको भए पनि समाल्न भालुको कन्पट समायको जस्तो हुने पक्का थियो । यसै भएर बालेनले पायको अवसर पनि छोडेका हुन् । उहाँहरु संविधान बमोजिम कार्यकारी राष्ट्रपतिको व्यबस्था भएमा चुनावबाट आउनु योग्य देखिन्छ । पुराना पार्टीहरु कम्यूनिष्ट भनिए पनि र कांग्रेस भनिए पनि दुबै एकै आमाका दुई छोरा जस्तो देखियो । यिनीहरुका मूल नेतृत्व लोकतन्त्रको नाममा मनपरितन्त्र सञ्चालन गर्न मन पर्ने खालका देखिए । लुटको स्वर्ग थामी राख्न पाए भ्रष्टतन्त्र र घुसतन्त्र जोगाउन सकिन्छ भन्ने यिनीहरुको मान्यता रहिआएको देखिन्छ । काँग्रेसको प्रजातान्त्रिक समाजबाद र कम्युनिष्टको बहुदलीय जनवाद र माओवाद यिनीहरुले उत्पादन गरेका बजारका बिकाउ मालका ब्रान्डहरु हुन् । आखिर यो पनि नबिक्ने समय आउन थालेको संकेत मिलेको छ । बरु यिनीहरु सबैले पश्चिमा पूँजीवादी लोकतन्त्रलाई नै आत्मसात गर्ने हो भने पनि पश्चिम युरोपको उत्तरी क्षेत्रका नार्डिक देशहरुबाट सिकेको भए हुने । डेनमार्वक, नर्वे, स्विडेन, फिनल्याण्ड, न्यूजिल्याण्ड आदिलाई हेरौं । जहाँ भ्रष्टाचार गर्नु हुँदैन भन्ने चेतना छ। संस्कार र संस्कृतिमै यो बिकास भएको छ। बिदेशकिो नक्कल गर्दा राम्रा कुराको चाहिँ गरौ न ! त्यति पनि गर्न नसक्ने भए किन कम्युनिजमको सिद्धान्तको रट लगाएका भन्या ? नेपालको राजनीतिक इतिहासले धेरै कुराको ज्ञान दिएको छ । तर इतिहासबाट सिक्ने कमैले मात्र गर्ने गर्दछन् । जेन-जी युवाहरुको माग सामाजिक संजाल फेसबुक खोल्ने, भष्टतन्त्र र घुसतन्त्रको जरो उखेल्ने, कार्यकारी राष्ट्रपति, सांसद मन्त्री हुन नपाउने ब्यबस्था जसका लागि संविधान संशोधन उनीहरु चाहन्थे । सत्ता परिवर्तन उनीहरुको माग थिएन । कसैले नसोचेको कुरा सत्ता परिवर्तन तिर आन्दोलन अघि बढ्यो । यसको कारण थियो जनता सचेत भैसकेकाले सत्ताको घर भित्र भित्रै धमिराले खाइसको थियो । सामाजिक संजाल बन्द गरेकाले अन्तर्राष्ट्रिय मामिला पनि चौपट भैसकेको थियो । छिमेकी र पश्चिमा देशहरुले पनि जनताको मौलिक हक, वाक स्वतन्त्रतामा ताला लगाएकाले कसैलाई पनि मन परेको थिएन । यसैले बाहिर भित्र सबैबाट यी एक्लिए । अब पनि परिस्थिति जटिल छ। पुराना खाइपल्केका र रसस्वादन गर्न, पाएका दलका कार्यकर्ताले टाउको उठाउन सक्छन् । हाम्रा कर्मचारीतन्त्र पुरानै भएकाले घुसखोरी र भ्रष्टतन्त्र पहिलेजस्तै रुपमा अघि बढ्न सक्छन । दीर्घकालीन लक्ष्यकासाथ यिनीहरुलाई निर्मुल गर्दै लानुपर्छ । भ्रष्ट नेताहरु र ठूला कर्मचारीहरुको सम्पत्ति छानबिन गरी राष्ट्रियकरण गर्ने प्रक्रिया तुरुन्त थालनी गर्नु आवश्यक छ । जेन-जी युवाहरु ! तपाईहरुका मुद्दा छायाँमा पर्न सक्छन् । कार्यकारी राष्ट्रपति, सांसदले मन्त्री हुन नपाउने, विज्ञबाट मन्त्री छान्ने ब्यबस्था, राजनीतिक नियुक्ति राजदुत नियुक्त गर्दा बाहेकका पदमा गर्न नपाउने ब्यबस्था गरिनुपर्छ । नत्र फेरि परानै कथा दोहरिने हुन्छ । सारा अड्डा अदालत, शिक्षा स्वास्थ्य सबै क्षत्रमा पुराना दलका भरौटे कार्यकर्ता नियुक्त गरेर जनताले स्वच्छ र निस्पक्ष सेवा पाउन नसकेको कुरा जगजाहेर छ । अव यस्तो हुनुहुँदैन । **-डिसीनेपाल डटकम**

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कुनै पनि कुरालाई लिएर एउटा धारणा नबनाउनुहोस्। | **तुला** : तपाईको बोलिनै सबैभन्दा ठूलो शत्रु बन्न सक्छ सावधान रहनुहोस्। |
| **वृष** : धनमा वृद्धि हुनेछ। अरुलाई सल्लाह दिनबाट जोगिनुस्। | **वृश्चिक** : उत्साह र उमंगमा वृद्धि देखिएको छ । सकारात्मक सोच लिएर बढ्नुहोस् । |
| **मिथुन** : जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट सफलता मिल्नेछ । | **धनु** : घुम्न जाने योजना बन्नसक्छ । ठूला व्यक्तिले मेहनतको प्रसंग गर्नेछन् । |
| **कर्कट** : वैदेशिक क्षेत्रबाट राम्रो हुने र व्यापार र व्यवसाय फस्टाउनेछ । | **मकर** : लामो समयदेखि रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन् । |
| **सिंह** : मेहनत अनुसार फल प्राप्तिको योग छ।कामकाजमा असर पर्नसक्छ । | **कुम्भ** : विशिष्ट व्यक्तिसँग भेटघाटको योग छ । परोपकारमा रुचि बढ्नेछ । |
| **कन्या** : भाग्यको विश्वास गरेर पुरुषार्थ गर्न नचुक्नुहोस्। प्रेमीको सहयोग पाइने छ । | **मीन** : लामो समयदेखि निलम्बित कार्य प्रारम्भ हुनेछ। |

# जंगली च्याउ खाँदा ६ जना बिरामी



**गुल्मी,** असोज १/गुल्मीमा जंगली च्याउ खाएर ६ जना बिरामी परेका छन् ।

बुधबार बिहान स्थानीय जंगलबाट च्याउ खोजेर ल्याएका उनीहरूले पकाएर खाएको केही समयमै बिरामी परेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक गंगाबहादुर सारुले जानकारी दिए । उनका अनुसार विरामी हुनेहरुमा गुल्मीदरबार गाउँपालिका-१ बलिथुमका एकै परिवारका ८३ वर्षीय केहरसिंह रजाली, ३३ वर्षीया हिमा रजाली, १६ वर्षीया एलिना रजाली, १३ वर्षीया विपना रजाली, १० वर्षीय किरण रजाली र छिमेकी ३६ वर्षीया बविना रजाली बिरामी परेका हुन् । उनीहरुको स्थानीय शुभ सारथी मेडिकल हल मजुवामा उपचार भइरहेको छ । बिरामीको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ । च्याउ खाँदा उनीहरूमा वाकवाकी लाग्ने, टाउको दुख्ने र पखाला लाग्ने लगायतका लक्षण देखा परेका थिए ।

# लुम्बिनीको क्षति विवरण सार्वजनिक




**लुम्बिनी,** असोज १/जेनजी आन्दोलनका क्रममा लुम्बिनी प्रदेश सरकार र मातहतका विभिन्न निकायमा भौतिक क्षति पुगेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक विवरणअनुसार भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा बुटवलस्थित प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्री निवास र बुटवल सम्पर्क कार्यालय पूर्ण रूपमा क्षति भएका छन् भने मुख्यमन्त्री निवासका तीनवटा सवारीसमेत नष्ट भएका छन् । प्रदेशका निमित्त प्रमुख सचिव लीलाधर सुवेदीका अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत दाङमा सात मोटरसाइकल र एक गाडी नष्ट हुँदा आर्घाखाँचीमा सामान्य तोडफोड भएको छ । सहरी विकास मन्त्रालय अन्तर्गत रुपन्देहीमा एक मोटरसाइकल जलेको र दाङको लमहीमा मन्त्री क्वार्टरका सामग्री जलाइएको छ । बुटवलस्थित लेखा नियन्त्रक कार्यालयमा करिब ९६ लाख बराबरको क्षति भएको छ । उद्योग, पर्यटन तथा यातायात मन्त्रालयका रुपन्देही, बाँके, दाङका यातायात कार्यालय, भैरहवाको उद्योग निर्देशनालय, दाङको घरेलु तथा साना उद्योग कार्यालय र बाँकेको पर्यटन सूचना केन्द्र पूर्ण रूपमा क्षति भएका छन् । त्यसैगरी, स्वास्थ्यमन्त्री निवासमा क्षति भएको छ भने ऊर्जा मन्त्रालयअन्तर्गत दाङमा आठ मोटरसाइकल जलेका छन् । वन निर्देशनालय पनि पूर्ण रूपमा क्षति भएको छ । प्रदेश लोकसेवा आयोगमा भवनमा आगजनी र तोडफोड, स्टोर नष्ट, कर्मचारी तथा जनप्रतिनिधिका सम्पत्ति विवरण नष्ट हुनुका साथै छ वटा गाडी पूर्ण रूपमा क्षति भएको छ । प्रदेश सरकारको प्रशासनिक परिसर राप्ती उपत्यका देउखुरीको संरचना भने सुरक्षित रहेका छन् ।**-रासस**

## खेलकुद समाचार

### एशिया कप टी-२०
### क्रिकेटमा बङ्गलादेशको जीत

**काठमाण्डौं,** असोज १/एशिया कप टी-२० क्रिकेटमा बङ्गलादेशले अफगानिस्तानलाई हराएको छ । गएराति भएको खेलमा बङ्गलादेशले अफगानिस्तानलाई आठ रनले हरायो । बङ्गलादेशले दिएको एक सय ५५ रनको लक्ष्य पछ्याएको अफगानिस्तान २० ओभरको अन्तिम बलमा एक सय ४६ रनमा अलआउट भयो ।

अफगानिस्तानका रहमानउल्लाह गुरबाजले ३५ तथा अजमातुल्लाह उमरजाईले ३० रन बनाए । बङ्गलादेशका मुस्ताफिजुर रहमानले तीन तथा नसुम अहमद, तस्किन अहमद र रिशाद हुसेनले समान दुई विकेट लिए । त्यसअघि दुबईमा टस जितेर ब्याटिङ गरेको बङ्गलादेशले पाँच विकेट गुमाएर एक सय ५४ रन बनायो । बङ्गलादेशका तान्जिद हसनले ५२ र सैफ हसनले ३० रन बनाए । अफगानिस्तानका राशिद खान र नूर अहमदले समान दुई तथा अजमातुल्लाह उमरजाईले एक विकेट लिए । यो जीतसँगै बङ्गलादेशको सुपर चारमा पुग्ने सम्भावना बलियो बनेको छ भने अब अफगानिस्तानलाई अन्तिम खेलमा नेटरनरेटका आधारमा जित्नैपर्ने दबाब छ । आठ वटा टोली सहभागी प्रतियोगिताको समूह ‘ए’ मा भारत, यूएई, पाकिस्तान र ओमान तथा समूह ‘बी’ मा अफगानिस्तान, हङकङ, बङ्गलादेश र श्रीलङ्का छन् ।

## अर्थ/कर्पोरेट समाचार

### असोजमा पनि घट्यो ब्याजदर




**पाल्पा,** असोज १/चालु आर्थिक वर्ष २०८२/८३ को तेस्रो महिना असोजमा बैंकहरूको ब्याजदर औसतमा झनै घटेको छ । बैंकिङ प्रणालीमा निक्षेप मात्रै थुप्रिएको र कर्जाको माग खासै नहुँदा ब्याजदर महिनैपिच्छे घटिरहेको हो ।

वाणिज्य बैंकहरूले असोज महिनाका लागि सार्वजनिक गरेको नयाँ ब्याजदरको सूचना अनुसार बैंकको ब्याजदर भदौको तुलनामा असोजमा ० दशमलव ११ प्रतिशत विन्दुले घटेको छ । भदौ महिनामा ५ दशमलव ५७ प्रतिशत विन्दु रहेको वाणिज्य बैंकहरूको व्यक्तिगत मुद्दति निक्षेपको अधिकतम औषत ब्याजदर असोजमा घटेर ५ दशमलव ४६ प्रतिशत विन्दुमा झरेको छ । २० वाणिज्य बैंकमध्ये ९ वटाले ब्याजदर घटाएसँगै व्यक्तिगत मुद्दति निक्षेपको अधिकतम औषत ब्याजदर घट्न पुगेको हो । भदौ महिनाको तुलनामा असोज महिनाका लागि प्राइम कमर्सियल बैंक, सानिमा बैंक र एभरेष्ट बैंकले व्यक्तिगत मुद्दति निक्षेपको अधिकतम ब्याजदर ०.५ प्रतिशत विन्दु घटाएको हो । त्यस्तै, सिटिजन्स बैंक र एनआईसी एशिया बैंकले ० दशमलव २५ प्रतिशत विन्दु घटाएको छ भने कुमारी बैंकले ० दशमलव २ प्रतिशत विन्दु घटाएको छ । असोज महिनाका लागि दुई बैंकले भने व्यक्तिगत मुद्दति निक्षेपको अधिकतम ब्याजदर बढाएका छन् ।

भदौको तुलनामा लक्ष्मी सनराइज बैंक र स्ट्याण्डर्ड चार्टर्ड बैंकले असोजमा ब्याजदर बढाएका हुन् । यी दुई बैंकले क्रमश: ० दशमलव २५ प्रतिशत विन्दु र ० दशमलव ०५ प्रतिशत विन्दुले ब्याजदर बढाएका हुन् । बाँकी ९ बैंकले भने भदौ महिनाकै ब्याजदरलाई निरन्तरता दिएका छन् । असोज महिनामा व्यक्तिगत मुद्दति निक्षेपमा सबैभन्दा कम ब्याज दिने कुमारी बैंक रहेको छ । सो बैंकले अधिकतममा ५ दशमलव ०१ प्रतिशतका दरले ब्याज दिनेछ । व्यक्तिगत मुद्दति निक्षेपको अधिकतम ब्याजदर भने ६ प्रतिशत रहेको छ । एनआईसी एशिया, माछापुच्छ्रे, ग्लोबल आइएमई, एनएमबि र हिमालयन बैंकले असोज महिनामा सो दरमा ब्याज दिने छन् । सात वाणिज्य बैंकले ब्याजदर घटाउँदा औषत ब्याजदर घट्न पुगेको हो । १३ बैंकले भने भदौ महिनाकै ब्याजदरलाई निरन्तरता दिएका छन् ।


**रुरुक्षेत्र गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**घिउबँसी, गुल्मी**

**ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी बिक्री सम्बन्धी Online बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०८२ आश्विन २ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को घ (६), लुम्बनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८२, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो शंसोधन) मापदण्ड, २०७९ र यस गाउँपालिकाको आर्थिक ऐन, २०८२ मा भएको व्यबस्था बमोजिम यस गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने जदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेलको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन (IEE) अनुसार लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (२) बमोजिम उल्लेखित न्यूनतम अंकमा नघट्ने गरी स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं | सूचना/बोलपत्र नं | बोलपत्रको नाम | वार्षिक उत्खनन परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम रु. (कर बाहेक) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ORRM-REV-NCB-01-082/83 | छुम्दी, बगाउने बगर क्षेत्र, वडा नं. ५ | ५,०९,१५७ | ३०,५४,९४२/- | ९१,६४९/- | ३०००/- |
| २ | ORRM-REV-NCB-02-082/83 | रुद्रबेणी बगर क्षेत्र, वडा नं. २ | ३,३४,४९४ | २०,०६,९६४/- | ६०,२०९/- | ३०००/- |
| ३ | ORRM-REV-NCB-03-082/83 | पोखरे बगर क्षेत्र, वडा नं. २ | ४,६६,१४५ | २७,९६,८७०/- | ८३,९०७/- | ३०००/- |
| ४ | ORRM-REV-NCB-04-082/83 | रिडी बगर क्षेत्र, वडा नं. १ | १५,६०,५२६ | ९३,६३,१५६/- | २,८०,८९५/- | ३०००/- |

बोलपत्र सम्बन्धी शर्तहरु यस कार्यालयको website https://www.rurumun.gov.np मा प्रकाशन गरिएको छ ।
(क) बोलपत्र खरिद हुने अन्तिम मिति र समय: २०८२ कार्तिक २ गते कार्यालय समय भित्र ।
(ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय: २०८२ कार्तिक २ गते दिउसो १२:०० बजे भित्र ।
(ग) बोलपत्र खोलिने मिति, समय र स्थान: २०८२ कार्तिक २ गते दिउसो २:०० बजे रुरुक्षेत्र गाउँपालिकको कार्यालय ।
(घ) प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्ने छ । त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा**

**विज्ञापन दररेट परिवर्तन भएको सूचना**

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अधि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन दररेट**

**साधारण तर्फ**

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

**सरकारी तर्फ**

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

**डिस्प्ले**

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

**अन्य**

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
**कैलाशनगर मिडिया प्रा.लि.**
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई